बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नवलपरासी
५ नं. प्रदेश, नेपाल

फो.नं:-०७८-५८०२१०

प.सं:-०७६/०७७
च.नं:- १०८६

मिति:-२०७६/०८/२१

विषय:- आयोजना छनौट गरि पठाउने सम्बन्धमा|

श्री बर्दघाट नगरपालिका

वडा कार्यालय सबै, नवलपरासी |

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यालयको पत्र संख्या २०७६/०७७ च.नं.६४ को प्राप्त पत्र अनुसार यस नगरपालिकामा सुचिकृत बेरोजगारलाई १०० दिनको न्युनतम रोजगारी प्रदान गर्नको लागि "कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि २०७६" को दफा ६ बमोजिमको आयोजना छनौट गरि दफा ७ अनुसारको तपसिल बमोजिमको इन्जनियरिङ इस्टिमेट सहित सोहि कार्यविधिको अनुसुचि १ बमोजिम फारम भरि २०७६/०८/२५ गतेभित्र आयोजना प्रस्ताव गर्नु पर्ने र सोहि प्रस्तावको आधारमा आयोजनाका लागि आवश्यक बजेट मन्त्रालयबाट आउने भएकोले यस नगरपालिकामा अवस्थित रोजगार सेवा केन्द्रमा मिति २०७६/०८/२४ गते भित्र छनौट गरि पठाउन निर्देशानुसार अनुरोध छ | "कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना(संचालन तथा व्यवस्थापन) कार्यविधि २०७६" यसै साथ समावेश गरिएको व्यहोरा अनुरोध छ |

तपसिल:

- आयोजनाको इस्टिमेटमा ७० प्रतिशत श्रमिकको पारिश्रमिक, २५ प्रतिशत निर्माण सामाग्री खरिद, ३ प्रतिशत उपकरण खरिद, १ प्रतिशत सुरक्षा सामाग्री र १ प्रतिशत कोन्टिजेन्सीमा खर्च रहने गरी इस्टिमेट पेश गर्नु पर्नेछ |
- आयोजना निर्माण वा मर्मत जस्तै दिर्घकालिन रुपमा देखिने सम्बन्धित हुनु पर्नेछ |
- सकेसम्म धेरै जनालाई रोजगारी प्रदान गर्न सक्ने खालका आयोजनाहरु लाई प्रथामिकता दिनु पर्ने छ |
- एउटा आयोजनाको लागत अधिकतम रु. दश लाख सम्मको बजेट सिमा भित्र हुनु पर्नेछ |

८।२२

मेघनाथ पाध्या
प्रमुख प्रशासकिय अधिकृत

**प्रमुख प्रशाशकिय अधिकृत**